www.xtrapapers.com

M12/1/A1NEP/SP1/NEP/TZ0/XX

22120207

International Baccalaureate®
Baccalauréat International
Bachillerato Internacional

**NEPALI A1 – STANDARD LEVEL – PAPER 1**
**NÉPALAIS A1 – NIVEAU MOYEN – ÉPREUVE 1**
**NEPALÉS A1 – NIVEL MEDIO – PRUEBA 1**

Thursday 10 May 2012 (morning)
Jeudi 10 mai 2012 (matin)
Jueves 10 de mayo de 2012 (mañana)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a commentary on one passage only. It is not compulsory for you to respond directly to the guiding questions provided. However, you may use them if you wish.
- The maximum mark for this examination paper is *[25 marks]*.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- N'ouvrez pas cette épreuve avant d'y être autorisé(e).
- Rédigez un commentaire sur un seul des passages. Le commentaire ne doit pas nécessairement répondre aux questions d'orientation fournies. Vous pouvez toutefois les utiliser si vous le désirez.
- Le nombre maximum de points pour cette épreuve d'examen est *[25 points]*.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario sobre un solo fragmento. No es obligatorio responder directamente a las preguntas que se ofrecen a modo de guía. Sin embargo, puede usarlas si lo desea.
- La puntuación máxima para esta prueba de examen es *[25 puntos]*.


© International Baccalaureate Organization 2012

www.xtrapapers.com



तल दिइएका **कविता** **अथवा** निबन्धको टिप्पणी लेख्नुहोस् :

१.

म अहिले, ठीक यति बेला एउटा ठूलो चहलपहलको बीचमा उभिएको छु। मान्छेहरूको समुद्रको बीचमा पानीको एक बुँद जस्तै भएर म चारैतिर हेरिरहेको छु । लहरहरू जतातत्तै लहराइरहेका छन् । छालहरू उठिरहेका छन् र बगिरहेका छन् । एउटा हतार,एउटा लगन अथवा एउटा उत्सुकताको लहर पनि उठ्छ। एउटा उदासी, एउटा बेचैनी अथवा अल्छीपनाको चिसो सिरेटो पनि चल्छ। म अहिले यी दुवै अवस्थाहरूको बीचमा छु । मलाई थाहा छ – आसनको स्थिरता मेरो उद्‌देश्य होइन । एउटा अलमल अथवा कार्यपद्धतिमा धरमर मेरो लक्ष्य होइन। मेरो चेतनाले बारम्बार मलाई केही भनिरहन्छ। मेरो सपनाले बारम्बार मलाई तानिरहन्छ। तसर्थ म अनेकौं जङ्घारहरूमा हिँडिसकेको छु, अनेकौं लहरहरूमा पौडिसकेको छु र छालहरूसँगै दौडिसकेको छु । यति मात्र होइन, हिँड्दाहिँड्दै बाटाहरू ठिङ्ग उभिएको भुइँकुहिरोको साम्राज्यमा स्वाट्ट पसेर त्यतै हराएका कतिपय अवस्थाहरूमा रनभुल्लमा परेर अलमलिएको छु। कहिलेकाहीँ आफ्नै प्रयत्नले नयाँ गोरेटो पहिल्याएको पनि छु। यसैले अहिले म जुन चहलपहलमा आइपुगेको छु – त्यही नै मेरो अभीष्ट होइन ।

वेगवान् नदी जस्तै छङछडाएर बग्नुपर्छ जीवनले । दह जस्तै एकै ठाउँ मात्र जमिरहने हो भने त्यो के जीवन ? म त्यसलाई जीवन भन्दिनँ । आभास हुनुपर्छ बाँचेको, आवाज हुनुपर्छ, सङ्गीत हुनुपर्छ अथवा भनौं सार्थकता हुनुपर्छ जीवनको । तसर्थ म नित्य नवीन कुराहरूको चाहना गर्छु । लड्नुपर्छ अफ्ठ्याराहरूसँग र बढ्नुपर्छ अघिअघि । यसरी म जीवनमा गति थपिरहन चाहन्छु र प्राप्त उपलब्धिहरूलाई तमाम मान्छहरूको अघिल्तिर उनीहरूकै हितका लागि पस्किदिन चाहन्छु। म कतिपल्ट एकदम सङ्लिएर बगेको छु। यसरी बगिरहेको अवस्थामा नीलो आकाश र बादलका सेता टुकाटाकीहरू मभित्र लुक्न आएका छन्। मान्छेहरूका प्रतिबिम्बहरू, रूखहरूका छायाहरू, पहाडपर्वतहरू जम्मै मभित्र अटाएका छन् । अहा ! जीवनको मधुरताको, जीवनको सफलताको अनुभवको त्यो सुखद स्पर्श र रोमाञ्च। त्यस्तै बाढीहरू भएर मैलिएर र हिलैहिलो भएर पनि बगेको छु। यस बेलाका पीडाका अनुभूतिहरू जीवनका विशिष्ट भोगाइहरू हुन्।

भीष्म उप्रेती,“नदी जस्तै बग्नुपर्छ जीवनले” हिँड्दै गर्दा (काठमाडौं : साझा प्रकाशन, २०५५)पृ.४८-४९ ।

– निबन्धको उक्त उद्धरणले जीवन प्रति व्यक्त गरेका धारणाहरू के-के हुन् ?

– उक्त उद्धरणमा प्रयुक्त प्रतीक तथा अलङ्कारलाई केकसरी मूल्याङ्कन गर्नुहुन्छ ?

– उक्त उद्धरणमा व्यक्त विचार चित्तबुझ्दो खालका छन् वा छैनन् ?

www.xtrapapers.com



२.

कहिले बिर्सन नसक्ने घाउ
मेरो मुटुभित्र ठोकिएको किलो झैं पीडा
टाँस्सिएको छातीभरिको पीडाको मर्म
मेरो आफ्नै अनुहार
मेरो आफ्नै दस्ताबेज
लिएर बाँचेको
म न्यास्रो र एकलास बगर
उपेक्षित छु सबै मौसमबाट
अब मेरो आँखामा आउँदैन एउटा पनि वसन्त
र एउटा पनि पतझड
यो पराजित युग बोकेको
यो मौसम आउनुभन्दा अघि नै
म लामो बगर
दृष्टिहीन भइसकेको छु
ज्ञानहीन भइसकेको छु
हुन त मैले आफैभित्र कति बर्खा देखिसकेको छु
र कति हिउँद भोगिसकेको छु
अनगिन्ती आत्माको पुकार
कहिले बिर्सन नसक्ने घाउ
र मुटुभरि दुःख र पीडा लिएर
एक्लो, नितान्त एक्लो म आत्मसमर्पणमा बाँचेको छु
थुप्रै सपना लिएर
यो सन्नाटामा
हुट्टीट्याउँको आवाजले
म पूरा एक राष्ट्र झैं
निद्राबाट ब्युँझन लागेको छु
म लामो बगर – काठमाडौं ।

उपेन्द्र श्रेष्ठ, "म लामो बगर !"प्रतिनिधि नेपाली आधुनिक कविता,(काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान कमलादी२०६७)पृ.८०-८१ ।

– यस कवितामा व्यक्त भाव औंल्याई स्पष्ट पार्नुहोस् ।

– यस कवितामा प्रयोग भएका शैलीलाई के-कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

– यस कवितामा व्यक्त विचार तपाईंलाई किन स्वीकार्य छ वा छैन ?